# विद्युत नियमन आयोगको
# सार्वजनिक सुनुवाई गर्नेबारेको सूचना

## तिला–२ जलविद्युत आयोजना (२९६.७४ मे.वा.) बाट उत्पादन हुने विद्युतको खरिद बिक्री निर्धारण गर्ने सम्बन्धमा सरोकारवालाहरूबाट राय, सुझाव तथा प्रतिक्रिया लिइनेबारेको सूचना !

नेपाल विद्युत प्राधिकरणले यस आयोगसमक्ष एस.सि. पावर कम्पनी प्रा.लि. द्वारा प्रवर्द्धित तिला–२ जलविद्युत आयोजना (२९६.७४) मेगावाटबाट उत्पादन हुने विद्युतको खरिद, बिक्री दर निर्धारण तथा विद्युत खरिद सम्झौतामा सहमतिका लागि पेश भएको निवेदनउपर छलफल गर्न मिति २०७९/१२/०८ गते बुधबार सार्वजनिक सुनुवाई आयोजना गरिने भएकोले उपभोक्ता, उद्योगी, व्यवसायी, स्थानीय वासिन्दा, प्रतिनिधिमूलक संस्थाहरू, सम्बन्धित स्थानीय तहका प्रतिनिधि, सञ्चारमाध्यम तथा सम्पूर्ण सरोकारवालाहरूलाई सो कार्यक्रममा सहभागी हुन आव्हान गरिन्छ। सरोकारवालाहरूले लिखित रूपमा एवम् आयोगको इमेल ठेगाना (info@erc.gov.np) मार्फत् समेत आफ्नो राय, सुझाव तथा प्रतिक्रिया पेश गर्न सक्ने व्यहोरा जानकारी गराइन्छ। यस सम्बन्धमा विस्तृत जानकारी (www.erc.gov.np) मा हेर्न सकिन्छ।

### १. आयोजनाको संक्षिप्त परिचय

- **आयोजनाको नाम तथा प्रकार** : तिला–२ जलविद्युत आयोजना, अर्धजलाशाययुक्त (Peaking Run of River)
- **प्रबर्द्धन संस्था/विद्युत बिक्रीकर्ता** : एस.सि. पावर कम्पनी प्रा.लि. ।
- **जडित क्षमता** : २९६.७४ मेगावाट (विद्युत खरिद बिक्रीको सम्झौताको मस्यौदा अनुसार) ४२० मेगावाट (विद्युत उत्पादनको अनुमतिपत्र अनुसार) ।
- **आयोजनाको उत्पादन अनुमति पत्र संख्या तथा जारी मिति** : विद्युत विकास विभाग ०७५/०७६ वि.उ.२३७, मिति २०७५/०५/१५ ।
- **आयोजना रहने स्थान** : २९° १०' ००" देखि २९° ०६' ००" उत्तरी ८१° ४४' ३८" देखि ८१° ५२' ००" पूर्वी देशान्तर तिला गुफा नगरपालिका, महावु गाउँपालिका र खाँडाचक्र नगरपालिका साविकको राँचुली, जुविथा, चिलखाया, छाप्रे, गेला, पाखा र दाहा गा.वि.स.हरू कालिकोट जिल्ला कर्णाली प्रदेश, नेपाल।
- **नेपाल विद्युत प्राधिकरणबाट प्रस्तावित आयोजनाबाट उत्पादन हुने विद्युतको खरिद, बिक्री दर** : वर्षायाममा प्रतियुनिट रू.४।८० र सुख्खा याममा Peaking अवधिका लागि प्रतियुनिट रू. १०।५५ र Non Peaking अवधिका लागि प्रति युनिट रू.८।४० ।
- **ने.बि.प्रा.बाट प्रस्तावित आयोजनाबाट उत्पादन हुने विद्युतको खरिद, बिक्री दरको मूल्यवृद्धि हुने पटक र प्रतिशत** : बार्षिक ३ प्रतिशतका दरले ८ पटकसम्म साधारण मूल्यवृद्धि।
- **पिकिङ्गको अवधि** : ६ घण्टा।
- **आयोजनाबाट उत्पादन हुने कूल विद्युतीय ऊर्जा** : १,७९०.१६ गिगावाट घण्टा।
- **वर्षायाममा उत्पादन हुने विद्युतीय उर्जा (Wet Energy)** : १,१९१,१२५,३३३ किलोवाट घण्टा।
- **सुख्खायाममा उत्पादन हुने विद्युतीय उर्जा (Dry Energy)** : ५९९,०४३,६३० किलोवाट घण्टा।
- **आयोजनाको अनुमानित लागत** : रू. ४२१०.६६ करोड।

### २. सुनुवाईमा उपस्थित हुने

- **आयोगको तर्फबाट** : श्री दिल्ली बहादुर सिंह (अध्यक्ष), श्री रामेश्वर प्रसाद कलवार (सदस्य), श्री भागीरथी भट्टराई (ज्ञवाली), श्री गौतम डंगोल (सदस्य), श्री गोकर्ण राज पन्थ (सचिव) ।
- **नेपाल विद्युत प्राधिकरणको तर्फबाट** : श्री कुलमान घिसिङ (प्रबन्ध निर्देशक), श्री प्रबल अधिकारी (निर्देशक) ।
- **एस.सि.पावर कम्पनी प्रा.लि.को तर्फबाट** : श्री हरिश्चन्द्र शाह (अध्यक्ष), श्री लोक बहादुर पुन (निर्देशक), डा. श्री इमान सिं गुरूङ (संचालक), श्री दिपेन्द्र बहादुर बम (बरिष्ठ इन्जिनियर), श्री दिपक बावु मैनाली (Finance Advisor) ।

### ३. सार्वजनिक सुनुवाई कार्यक्रम

- **कार्यक्रमको मिति, समय र स्थान** : २०७९/१२/०८ गते बुधबार दिउँसो १:०० बजेदेखि ३:०० बजेसम्म, विद्युत विकास विभागको सभा हल (पाँचौ तल्ला), सानोगौचरण, काठमाडौं।
- **संचालन प्रक्रिया** : प्रत्येक वक्ताले बढीमा ५ मिनेटभित्र आफ्नो राय, सुझाव प्रस्तुत गर्नुहुनेछ।